स्थानीय राजपत्र

गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः १०) गोकर्णेश्वर, असार १२ गते, २०८३ साल संख्याः १

भाग २

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

गोकर्णेश्वर महादेव मन्दिर संरक्षण, व्यवस्थापन, जिर्णोद्धार तथा विकास सम्बन्धी कार्यविधि, २०८३

गोकर्णेश्वर महादेव मन्दिर संरक्षण, व्यवस्थापन, जिर्णोद्धार तथा विकास सम्बन्धी कार्यविधि, २०८३

पृष्ठभूमि :

काठमाण्डौ उपत्यकाको उत्तर-पूर्व भाग हुदै बग्ने पवित्र नदि, सुर्यभागा, चन्द्रभागा तथा बागमती को त्रिवेणी संगमतटमा अवस्थित पौराणिक, ऐतिहासिक तथा धार्मिक महत्व बोकेको ब्रम्ह पितामह तिर्थ उत्तरगया पितृमोक्ष धाम गोकर्णेश्वर महादेव मन्दिर को नामवाट यस ऐतिहासीक नगरी गोकर्णेश्वर नगरपालिका को नामाकरण भएको हो ।

नेपाल सरकार को मन्त्री परिषद बाट २०४४/३/१९ को वैठकवाट काठमाण्डौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजना गठन गरि उक्त परियोजना विकास गर्न मिती २०४९/४/२६ गतेको मन्त्री परिषदको निर्णयले विशेष भौतीक तथा पुर्वाधार क्षेत्र विकास आयोजना सम्वन्धित मन्त्रीको अध्यक्षतामा गठन भएको र मिती २०६२/७/१० गते मा पुर्नगठन भई सचिवको अध्यक्षतामा समन्वय समिती गठन भएको छ । साथै सो समन्वय समितीबाट ऐतिहासीक पुरातात्विक मन्दिरहरुको संरक्षणका लागी प्रवन्ध समिती गठन तथा कार्य क्षेत्र परिभाषीत गर्न मिती २०६७/२/२७ को नेपाल सरकार (उप-प्रधानमंन्त्री स्तर) को निर्णयले

संस्कृतीक धार्मिक तथा पर्यटकिय महत्व रहेका मठ मन्दिर संरक्षण, जिर्णोद्वार विकास सम्बन्धी कार्यविधी, २०६७ लागु गरी गोकर्णेश्वर महादेव मन्दिर क्षेत्र प्रवन्ध समिती गठन भएकोमा शहरी विकास तथा भवन निर्माण विभाग, विशेष भौतीक तथा पुर्वाधार क्षेत्र विकास आयोजना खारिज प्रक्रियामा रहेको व्यहोरा सहितको मिती २०७४/१०/२३ गते पत्रअनुसार गोकर्णेश्वर महादेव क्षेत्र प्रवन्ध समिती स्थानीय निकायमा हस्तान्तरण भई आएकोले सो पत्रलाई आधार बनाई गोकर्णेश्वर महादेव क्षेत्र प्रवन्ध समितिको काम कारवाही अगाडी वढाउने यस नगरपालीकाको मिती २०८३ असार ४ मा बसेको कार्यपालिकाबैठक बाट श्री गोकर्णेश्वर महादेव मन्दिर संरक्षण, सम्वर्धन व्यवस्थापन जिर्णोद्दार तथा विकास सम्वन्धी कार्यविधी २०८३ लागु गरिएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ

१ यो कार्यविधिको नाम " नामः"गोकर्णेश्वर महादेव मन्दिर संरक्षण, व्यवस्थापन जिर्णोद्वार तथा विकास सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

२. यो कार्यविधि गोकर्णेश्वर नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२ परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"मन्दिर**"भन्नाले गोकर्णेश्वर महादेव मन्दिर र यस सँग सम्बन्धित देवालयशिवालय, मठ-मन्दिर, घाट र मन्दिरको स्वामित्वमा रहेको गुठी जग्गा समेतलाई जनाउँछ ।

(ख) **"समन्वय समिति**" भन्नाले दफा ३ बमोजिम गठन भएको समन्वय समिति सम्झनु पर्छ।

(ग) **"प्रवन्ध समिति"**भन्नाले दफा ६ बमोजिम गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

(घ) **"मन्त्रालय"**भन्नाले भौतिक योजना तथा निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"विभाग"**भन्नाले पुरातत्व विभाग सम्झनु पर्छ।

(च) **"स्थानिय निकाय"** भन्नाले गोकर्णेश्वर नगरपालिकालाई सम्झनु पर्छ ।

(छ) **"वडा"**भन्नाले गोकर्णेश्वर महादेव मन्दिर रहेको गोकर्णेश्वर नगरपालिकाको वडा लाई सम्झनुपर्छ ।

(ज) **"पुजारी"** भन्नाले गुठी संस्थानबाट नियुक्ती भएका पुजारीलाई सम्झनु पर्छ ।

(झ) **"प्रहरी प्रभाग"**भन्नले गोकर्णको प्रहरी प्रभागलाई सम्झनु पर्छ ।

(ञ) **"जिल्ला प्रशासन कार्यालय"** भन्नाले काठमाण्डौ जिल्ला प्रशासन कार्यालयलाई सम्झनुपर्छ ।

(ट) **"धार्मिक समिति"**भन्नाले वैदिक सनातन धर्म मानि आएको गोकर्णेश्वर महादेव मन्दिरको धार्मिक समितिलाई सम्झनु पर्छ ।

(ठ) **"स्थानिय/स्थानिय लब्ध प्रतिष्ठित व्यक्ति/स्थानिय समाजसेवि"**भन्नाले वैदिक सनातन धर्म मानि आएका स्थानीय व्यक्तिलाई सम्झनु पर्छ ।

३ समन्वय समिति गठन :

(१) नेपाल सरकार प्रदेश सरकार तथा स्थानिय तहको नीति तथा कार्यक्रमको अधिनमा रहि गोकर्णेश्वर महादेव मन्दिरलाई सुव्यवस्थीत गरि नित्य पुजापाठ तथा देवकार्य सु-सञ्चालन गर्न एक प्रबन्ध समिति गठन गरिनेछ । साथै समन्वय समितिले यस गोकर्णेश्वर मदिरसँग सम्बन्धित धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, पूर्वाधार संरचनाहरूको विकास गर्ने कार्यलाई समेत समन्वय गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिमा अध्यक्ष सहित देहायका सदस्यहरु रहने छ

(क) नगर प्रमुख, गोकर्णेश्वर नगरपालिका अध्यक्ष

(ख) नगर उप प्रमुख सदस्य

(ग) प्रतिनिधि इन्जिनियर गोकर्णेश्वर न.पा. सदस्यसचिव

४ समन्वय समितिको वैठक र निर्णय :

(१) समन्वय समितिको बैठक आवश्यक्ता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(२) सदस्य-सचिवले समन्वय समितिको बैठक बस्ने अग्रिम सूचना सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समन्वय समितिको कूलसदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा समन्वय समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समन्वय समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(५). समन्वय समितिले आवश्यकता अनुसार प्रवन्ध समितिको पदाधिकारी तथाअन्य विज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सकिने छ ।

५. समन्वय समितिको काम, कर्तव्य र अधिकारः

(क) गोकर्णेश्वर महादेव मन्दिरसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक स्थलहरुको भौतिक पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आवश्यक अन्य कार्यहरु गर्ने गराउने

(ख) प्रवन्ध समितिको पदाधिकारी मनोनयन गर्न तथा सदस्य सचिव नियुक्त गर्न सकिनेछ ।

६. प्रबन्ध समितिको गठनः

(१) समन्वय समितिवाट स्विकृत नीति तथा कार्यक्रमको अधिनमा रहि गोकर्णेश्वर महादेव मन्दिर तथा यस मन्दिर अन्तर्गतको साँस्कृतिक तथा धार्मिक स्थल सँग सम्वन्धित गुठी जग्गा, देवालय, मठ मन्दिर जस्ता धार्मिक घाट जस्ता धार्मिक संस्कृतिक तथा ऐतिहासिक

स्थलहरूको संरक्षण, व्यवस्थापन र पूर्वाधार संरचनाहरूको विकास गर्न कायको प्रवन्ध गर्न प्रवन्ध समिति गठन गरिनेछ ।

(२) उपदफा (१)वमोजिमको समितिमा अध्यक्ष र देहायका सदस्यहरु रहनेछन् :

(क) गोकर्णेश्वर महादेव मन्दिर रहेको नगरपालिकाको सम्बन्धित वडाको निर्वाचित वडा अध्यक्ष वा सो नभएको अवस्थामा समन्वय समितिले तोकिदिएको व्यक्ति,

(ख) वडा नं. ४ को स्थानिय मध्यबाट सचिव

(ग) स्थानिय निकायबाट सिफारिस कोषाध्यक्ष

(घ) गोकर्णेश्वर वडा नं.४का वडा सदस्य २-सदस्य

(ड) गोकर्णेश्वर वडा नं.४का स्थानीय एक महिला१-सदस्य

(च) गोकर्णेश्वर नगरपालिका सिफारिस बाट सबै वडा बाट ९-सदस्य

(छ) प्रमुख, गोकर्ण प्रहरी प्रभाग १ प्रतिनिधि सदस्य

(३) प्रवन्ध समितिले आवश्यक देखेमा कुनै व्यक्ति वा विशेषज्ञलाई प्रवन्ध समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) सह-सचिव तथा सह-कोषाध्यक्ष प्रवन्ध समितिको बैठक बाट माथिका सदस्यहरु नियुक्त हुनेछन ।

(५) पदाधिकारी तथा सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ । निजहरू पुनःनियुक्त हुन सक्नेछन ।

७. प्रवन्ध समितिको बैठक र निर्णयः

(१) प्रवन्ध समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तेकिको मिति, समय र स्थानमा बस्ने छ ।

(२) सचिवले प्रवन्ध समितिको बैठक बस्ने विषय समेत खुलाई ७ दिन अगाडी अग्रिम सूचना सम्बन्धित पदाधिकारीहरुलाई दिनु पर्ने छ ।

(३) प्रवन्ध समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा प्रवन्ध समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) गणपूरक संख्या नपूगी वैठक बस्न नसकेमा सोही विषयमा दोश्रो पल्ट बैठक बस्दा ३ दिनको अग्रिम सूचना दिएर बैठक बस्न सक्ने छ । यसरी बैठक वस्दा २५% उपस्थीतभएपनि गणपुरक संख्यापुगेको मानिने छ ।

(५) प्रबन्ध समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले आफूमध्यबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(६) प्रवन्ध समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(८) प्रवन्ध समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफल भएका विषयवस्तु, वैठकबाट भएका निर्णयहरू एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित पदाधिकारीहरुको दस्तखत गरी राखिने छ ।

(९) प्रवन्ध समितीको उद्देश्य पूरागर्न आवश्यता अनुसार उप समितीगठन गरि परिचालन गर्न सकिन्छ ।

(१०) प्रवन्ध समितिको वैठकले धार्मिक सामाजिक व्यक्तिहरुबाट वढीमा ५ जना सदस्यीय सल्लाहकार समिति गठन गर्न सकिने छ ।

८.प्रवन्ध समितिका अध्यक्षका काम कर्तव्य र अधिकारः

(१) प्रवन्ध समितिको अध्यक्षको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकको अध्यक्षता गर्ने र निर्णय प्रमाणित गर्ने,

(ख) प्रबन्ध समितिको बैठक बोलाउने,

(ग) रायबाझि मत बराबर भएमा निर्णायक मत दिले,

(घ) आफनो अनुपस्थितीमा कार्यवाहक अध्यक्ष तोक्न सकिने छ ।

अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू सचिब गर्नु पर्नेछ ।

९. सचिवको काम कतव्य र अधिकारः

(१) प्रवन्ध समितिको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकमा राख्ने विषयहरू तयार गर्ने र छलफलको लागि पेश गर्ने,

(ख) प्रवन्ध समितिबाट भएको निर्णय कार्यान्वयन गराउने,

(ग) प्रवन्ध समितिको निर्णय र प्रचलित कानूनको अधिनमा रहि दैनिक पूजा पाठ तथा धार्मिक कार्यक्रम सञ्चालन गर्दा सो कार्य गर्न आवश्यक सामाग्रि खरिद गर्ने,

(घ) मूर्ति, शिलापत्र तथा भौतिक संरचना सहित अन्य महत्वपूर्ण वस्तुहरुको सुरक्षा प्रवन्ध मिलाउने,

(ङ) मन्दिर परिसर क्षेत्रको दैनिक सरसफाई तथा फोहर मैलाको उचित प्रबन्ध मिलाउने,

(च) मन्दिर परिसर क्षेत्रको शान्ति तथा सुरक्षाको उचित प्रबन्ध मिलाउने,

(छ) अभिलेख प्रमाणित गर्ने, सुरक्षित गर्ने,

(ज) प्रवन्ध समितिको तर्फबाट आवश्यकपत्राचार गर्ने, गराउने,

(झ) आयोजना तथा समन्वय समितिबाट तोकिदिएका अन्य कार्यहरू गर्ने गराउने।

११. कोषाध्यक्षको काम कर्तव्य र अधिकार :

(१) प्रवन्ध समितिको कोषाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) मन्दिरको कोषको पूर्व जिम्मेवारी लिने,
(ख) आयव्ययको हिसावकितावचुस्त, दुरुस्त राख्ने,
(ग) प्रबन्ध समितिको बैठकमा आयव्ययको हिसाबकिताब पेश गर्ने, बजेट बनाई समितिको बैठकमा पेश गर्ने,
(घ) प्रवन्ध समितिले तोकेको अन्यकार्य गर्ने ।

१२.सदस्यहरुको काम, कर्तव्य र अधिकार :

(१) प्रवन्ध समितिको सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) मन्दिरको धार्मिक कार्य तथामाथि उद्देश्यहरू पूरा गर्न सक्रिय रहने,
(ख) समितिमा पेश भएका प्रस्तावहरू र विविध विषयहरूमा हलफल गर्ने र मत जाहेर गर्ने,
(ग) प्रवन्ध समितिबाट पास भएका प्रस्तावहरू कार्यान्वयन गर्ने,
(घ) अर्थ सङ्कलनमा सहयोग गर्ने,
(ङ) प्रवन्ध समितिमा आईपर्ने सबै किसिमका कामहरूमा सहयोग गर्ने ।

१३. आर्थिक प्रबन्ध :

(१) मन्दिरको एउटा आफ्नो छुट्टै कोष रहनेछ । त्यसमा देहायबमोजिमका रकमहरू रहने छन् :

(क) भक्तजनहरूले चडाएको भेटी तथा चन्दा रकम,
(ख) श्रद्धालु दाताहरुबाट प्राप्त रकम/चन्दा रकम,
(ग) नगरपालिका बाट प्राप्त रकम,
(घ) प्रदेश सरकारबाट प्राप्त आर्थिक सहयोग,
(ङ) नेपाल सरकारबाट प्राप्त रकम,
(च) मन्दिरको चलअचल सम्पत्तिबाट प्राप्त रकम,

(छ) विदेशी संघ संस्थाबाट आर्थिक सहयोग लिंदा नगरपालिका लगायत नेपाल सरकारको पूर्व स्विकृति लिनुपर्ने छ ।
(ज) मन्दिरको नाममा राखिएको अक्षयकोषबापतको रकम ।

१४. कोषको सञ्चालनः

(१) मन्दिरको नाममा कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली कोषमा जम्मा भएको रकम राखिने छ। जसको सञ्चालन अध्यक्ष वा सचिव मध्ये एक जना र कोषाध्यक्षको अनिवार्य हस्ताक्षरबाट हुनेछ ।

(२) कोषको सञ्चालन प्रवन्ध समितिले निर्णय गरे बमोजिम हुने छ ।

१५. लेखा परिक्षण :

(१) मन्दिरको लेखापरिक्षण नेपाल सरकारद्वारा मान्यता प्राप्त लेखा परिक्षकबाट वर्षको एक पटक लेखा परिक्षण गराई नगरपालिका समक्षपनि एक प्रतिवेदन पेश गरिने छ ।

(२) लेखा परीक्षण गराई, वासलात र लेखा परिक्षणको प्रतिवेदन प्रवन्ध समितिको बैठकमा कोषाध्यक्षले पेश गर्ने छ ।

१६. प्रवन्ध समितिका पदाधिकारीहरूको योग्यताः

(१) समन्वय समितिले तोकिदिएको अध्यक्ष, सचिब, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र सदस्यहुन देहायको योग्यता पुरा गरेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पुरा भै ७० वर्ष ननाघेको हुनुपर्नेछ

(ग)गोकर्णेश्वर नगरपालिकाको स्थानिय ,

(घ) वैदिक सनातन धर्म मानिआएको

(ङ) फौज्दारी कसूरमा प्रचलित कानून बमोजिम सजाय नपाएको ।

(च) कुनै सँघ संस्थाको पैसा हिना मिना नगरेको

(छ) नैतिकवान,

(ज) मानसिक स्थीति सन्तुलीत भएको वा होस ठेगानमा भएको,

१७.पद रिक्त वा मुक्त हुने अवस्था :

(१) देहायका अवस्थामा प्रवन्ध समितिका पदाधिकारीहरूको पद रिक्त वा मुक्त भएमाः

(क) पद, अनुकूलआचरण वाकामनगरेमा,

(ख) पदबाट दिएको राजिनामा स्विकृत भएमा,

(ग) लगातार ३ वटा बैठकमा विना सूचना अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा,

(ङ) मगज विग्रेमा,

(च) नैतिक पतनहुने कुनै फौजदारी कसूरमा दोषी प्रमाणीत भएमा

(छ) कुनै संघ संस्थाको पैसा हिनामिना गरेको ठहर भएमा

(ज) दफा १६ बमोजिम योग्यतानपुगेमा।

(२) प्रवन्ध समितिको अध्यक्षले राजिनामा दिंदा समन्वय समितिमा पेश गर्नु पर्ने छ । अन्य पदाधिकारीले प्रवन्ध समितिको अध्यक्ष सामु राजिनामा पेश गर्नु पर्ने छ ।

१८. पुजारी कर्मचारी र निजहरूको नियुक्ति तथा पारिश्रमिक सम्बन्धी व्यवस्था :

(क) मन्दिरको नित्य पुजा पाठ तथा धार्मिक कार्य सु-सञ्चालन गर्न गुठी संस्थानको नियमानुसार पुजारीको व्यवस्था नियुक्ति गरिनेछ । निजहरूको नियुक्ति तथा सेवा अवधि तथा योग्यता वैदिक परम्परा अनुसार चलिआएको ऐतिहाँसिक रिति रिवाज वा प्रचलन अनुसार वा पशुपतिनाथ वा अन्य महादेव मन्दिरमा जुन रितिअनुसार हुन्छ सोहीअनुसार हुनेछ ।

(ख) निजहरूको पारिश्रमिक दिएको दक्षिणा, निजहरूलाई दिएको वैयक्तिक चन्दा र प्रवन्ध समितिले तोकिदिएको पारिश्रमिक (तलब) रकम र कुनै श्रद्धालुले गरेको आर्थिक सहयोग । साथै भेटीघाटी र पारश्रिमिकको विषयमा प्रवन्ध समितिले समन्वय समितिको सिफारिसमा फेरवदल वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(ग) प्रवन्ध समितिको काम सुचारू रूपले सञ्चालन गर्न आवश्यक परेमा प्रवन्ध समितिले समन्वय समितिसँग सहमति लिएर आवश्यक संख्यामा कामदार कर्मचारीहरू करार वा ज्यालादारीमा नियुक्त गरिने छ ।

(घ) प्रवन्ध समितिका कामदार कर्मचारीहरूको सुविधा तथा सेवाका शर्तहरु सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(ङ) पुजारी बाहेक अन्य कर्मचारिको हाजिरी अभिलेख रहने छ ।

१९. प्रवन्ध समितिको सचिवालय :

यस समितिको सचिवालय गोकर्णेश्वर महादेव मन्दिर परिसरमा हुनेछ ।

२०.अधिकार प्रत्यायोजन :

(१) समन्वय समितिले यस कार्यविधी वमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष वा कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रवन्ध समितिले यस कार्यविधि वमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार पदाधिकारी वा कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. कार्यविधि संशोधनः

नगरपालिकाले समन्वय समितिको सिफारिसमा कार्यविधिमा आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

२२ प्रवन्ध समितिका पधाधिकारी निम्न रहनेछन् ।

अध्यक्ष : जयराम महत गोकर्णेश्वर न .पा . वडा नं. ४

सचिवः ईश्वर पाण्डे, गो.न.पा. वडा न. ४

कोषाध्यक्ष : कृष्ण भक्त श्रेष्ठ, गो.न.पा. वडा नं. ४

सदस्यः राजेश श्रेष्ठ गो.न.पा.वडा ४ सदस्य

सदस्यः कृष्ण श्रेष्ठ गोनपा वडा ४ सदस्य

सदस्य : अम्बिका निरौला गो.न.पा वडा नं. ४ स्थानीय महिला

सदस्यः दामोदर खनाल गो.न.पा.वडा नं. १.

सदस्यः गोपाल श्रेष्ठ गो.न.पा वडा नं. २

सदस्यः चिरन बस्नेत गो.न.पा वडा न ३

सदस्य : कृष्ण प्रसाद श्रेष्ठ गो.न.पा वडा नं. ४

सदस्यः दुर्गा बराल गो.न.पा वडा न ५

सदस्यः कुल प्रसाद पुडासैनी गो.न.पा वडा न ६

सदस्यः सम्झना सुवेदी गो.न.पा वडा नं. ७.

सदस्यः सुमन लामा गो.न.पा वडा नं. ८

सदस्यः सरिता रिसाल गो.न.पा वडा नं. ९

कार्यपालिका वाट स्वीकृत मितिः२०८३।३।४
प्रमाणीकरण मितिः२०८३।३।५
प्रकाशित मिति : २०८३।३।१२

आज्ञाले,

यम नारायण गौली

प्रमुख प्रशासकीय अधिकृत